# नेउवामहासंघ समाचार
# FNCCI NEWSLETTER

VISION:- "Leading the Nation's Economic Progress" MISSION:- "Facilitating Nepalese Business Become Globally Competitive" मासिक (Monthly)

वर्ष २२ (Vol. 22) साउन-असोज-२०६७ (Aug.-Oct. - 2010) अंक ४-६ (No. 4-6)


### – नेपाल चीन गैरसरकारी सहयोग मंचको बैठक सम्पन्न –

## नेपालको जलविद्युत विकासमा सहकार्य गर्ने सहमती




(नेपाल चीन गैर सरकारी सहयोग मञ्चको ११ औं बैठकको समुद्घाटन गर्नु हुदै संविधानसभाका अध्यक्ष नेवाङ )

नेपाल चीन गैर सरकारी सहयोग मंचको ११ औं बैठक हालै काठमाडौंमा सम्पन्न भयो । ११ औं बैठकमा नेपालको जलविद्युत तथा उर्जा क्षेत्रको विकासका लागि संयुक्त लगानी तथा सहकार्यका माध्यमबाट अगाडी बढ्न दुवै पक्ष सहमत भएका छन् । यसपालीको बैठक जलविद्युतमा केन्द्रित थियो ।

नेपाल चीन गैर सरकारी सहयोग मंच नेपाल उद्योग वाणिज्य महासंघ र अखिल चीन उद्योग वाणिज्य महासंघको पहलमा निजी क्षेत्र बीच आपसी सम्बन्ध विस्तारका माध्यमबाट आर्थिक व्यापारिक सम्बन्ध विस्तार एवं लगानी प्रवर्द्धन गर्ने उद्देश्यले सन् १९९६ मा स्थापना भएको हो । मंचको बैठक प्रत्येक वर्ष नेपाल र चीनमा पालैपालो हुँदै आएको छ । बैठकमा नेपालमा जलविद्युत विकासको अपार सम्भाव्यता

*(बाँकी पृष्ठ ४ मा)*

## पूर्व लडाकूहरुको पुनर्स्थापनामा निजी क्षेत्रले सहयोग गर्ने

निजी क्षेत्रले दीर्घकालीन आर्थिक विकासमा पूर्व लडाकुहरूको पुनर्स्थापनले महत्व राख्ने भएकाले उनीहरूलाई सहयोग उपलब्ध गराउन सरकार र राजनीतिक दलहरूलाई आवश्यक समयमा आवश्यक सहयोग गर्ने इच्छा व्यक्त गरेका छन् ।

नेपालको दीगो शान्तिका लागि पूर्व लडाकुहरूको पुनर्स्थापन अत्यावश्यक पक्ष हो भन्ने मनन गर्दै हालै काठमाडौंमा निजी क्षेत्रका अगुवाहरूको सहभागितामा सम्पन्न कार्यशालाबाट सो धारणा आएको हो ।

राष्ट्रिय व्यावसायिक पहल तथा इन्टरनेशनल अलर्टद्वारा आयोजित सो कार्यशालामा माओवादी लडाकुहरूको सुपरीवेक्षण, समायोजन तथा पुनर्स्थापन प्राविधिक समिति, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, एनेकपा माओवादी, नागरिक समाज तथा पुनर्स्थापनाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिहरूसँगै बसेर निजी क्षेत्रले सम्बन्धित विषयमा अझ बढी बुझ्ने तथा नेपालको पुनर्स्थापना प्रक्रियामा आफ्नो तर्फबाट के-कस्तो सहयोग गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, निर्माण व्यवसायी महासंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, महिला उद्यमी महासंघ, निजी तथा आवासीय विद्यालय संघ (प्याब्सन), नेपाल हस्तकला संघ, नेपाल ट्रेकिङ व्यवसायी संघ, नेपाल युवा उद्यमी मञ्च, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, जिल्ला च्याम्बरहरू तथा प्रतिष्ठित कम्पनीहरूले पुनर्स्थापन प्रयासमा खास गरी निजी क्षेत्रले कसरी सहयोग गर्न सक्छ भन्नेबारे व्यापक छलफल गरेका थिए ।

कार्यशालामा सो कार्यका लागि कदम चाल्नुपर्ने भनी पहिचान गरिएका खास खास बुँदाहरूमा

*१) पूर्व लडाकुहरूलाई हाल दक्ष शीपयुक्त कामदारको अति नै अभाव देखिएका निर्माण, हस्तकला तथा गाडी मर्मतसम्भार जस्ता क्षेत्रमा अवसर तथा तालिम उपलब्ध गराउने ।*

*२) आफ्नै व्यवसाय स्थापना गर्न इच्छुक पूर्व लडाकुहरूलाई पूँजी जुटाउन सहयोग तथा मार्गदर्शन दिएर सहयोग उपलब्ध गराउने । स्थापित व्यवसायहरूले पनि आफ्नो आपूर्ति सञ्जालमा तथा आवश्यक सेवा र उत्पादनका काममा नयां उत्पादकलाई भित्र्याएर यस (जस्तै कृषि व्यवसाय क्षेत्र) कार्यमा सहयोग गर्न सक्छन् ।*

*(बाँकी पृष्ठ ६ मा)*

**व्यावसायिक आचार संहिताको पालना गरौं ।**

# महेशखोला पीपीपीको मोडलमा पहिलो जलविद्युत आयोजना

नेपाल उद्योग वाणिज्य महासंघले सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडलमा देशका ४५ वटा जिल्लामा एक देखि १० मेगावाट सम्मका लघु तथा साना जल विद्युत आयोजनाहरु विकास गरि लैजाने लक्ष्य अनुरुप पहिलो आयोजनाको थालनी भएको छ । मुलुकको आर्थिक-सामाजिक विकासमा पीपीपी मोडल एक उपयुक्त मोडल हुन सक्ने ठम्याई गर्दै महासंघले यसको पहिलो शुरुवात धादिङ जिल्लाको महेशखोलाबाट गरेको छ ।

सो सम्बन्धमा मुख्य सहजकर्ता र समन्वयकर्ता तर्फबाट नेपाल उद्योग वाणिज्य महासंघ, आयोजनाको प्रारम्भिक प्रवर्द्धक नेपाल लघु जलशक्ति विकास संस्था, स्थानीय सरकारको हैसियतमा जिल्ला विकास समिति, धादिङ्ग, जिल्लास्तरिय र स्थानीय संगठित व्यवसायिक समुहको हैसियतमा धादिङ्ग उद्योग वाणिज्य संघ, स्थानीय जनताहरुको प्रत्यक्ष प्रतिनिधिमूलक संस्थाको हैसियतमा आयोजना क्षेत्रका तीनवटै गा.वि.स.हरु स्वयं र सो गा.वि.स.का जनताहरु, संघसंस्थाहरु, स्कुलहरु आदि समेत आयोजना लगानी र कार्यान्वयनमा सहभागी हुने गरि गा.वि.स. गोगनपानी, गा.वि.स. भुमेस्थान, गा.वि.स.वैरेनीका पदाधिकारीहरुले असोज १० गते धादिङको गल्छीमा एक कार्यक्रम बीच सहमतीपत्रमा हस्ताक्षर गरेका छन् ।

पीपीपी मोडलबाट स्थानीयस्तरमा लघु/साना जलविद्युत आयोजना विकास गर्न नेपाल उद्योग वाणिज्य महासंघ, जिल्ला विकास समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउ विकास समिति राष्ट्रिय महासंघ बीच गत वर्षको बैशाख ३० गते एक समझदारी समेत भएको थियो । सोही समझदारी अनुरुप उक्त आयोजनाको प्रारम्भ गरि एको हो ।

नेपालको लघु जलविद्युत क्षेत्रमा उल्लेखनिय क्षमता स्थापित छ । लघुजलविद्युतको क्षमतालाई साना जलविद्युतमा समेत प्रयोग गरेमा आयोजना किफायती र दिगो हुनेछ । यसै उद्देश्यका साथ, नेपाल लघु जलशक्ति विकास संस्थाले महेश खोला साना जलविद्युत आयोजनाको कार्यान्वयन अगाडि बढाएको छ ।

साथैं क्लिन इनर्जी विकास बैंकबाट प्रवर्द्धित सीइडीबी हाइड्रो फण्ड लिमीटेडले यस आयोजनामा मुख्य शेयर लगानीकर्ता हुनको लागि माइक्रो हाइड्रोपावर डेभलपमेन्ट एसोसियसनसंग सहमति गरि सकेको छ ।

प्रवर्द्धक संस्थाको प्राविधिक क्षमता र आयोजनाका कैयन सहज पक्षहरु भएकोले उपरोक्त घोषणा र समझदारी अन्तर्गत कार्यान्वयन गरिने पहिलो आयोजनाको रुपमा महेश खोला साना जलविद्युत आयोजना छनोट भएको छ । सो अनुसार आयोजना प्रवर्द्धक, स्थानीय सरकार, स्थानीय व्यवसायीहरु र सर्वसाधारण जनता बीच पीपीपी भावना अनुरुप यस आयोजना कार्यान्वयनमा सहकार्य गराउन नेपाल उद्योग वाणिज्य महासंघले विगत एक वर्ष देखि सहजीकरण गर्दै आएको थियो । यसै सहजीकरणको फलस्वरुप, सम्बद्ध सबै पक्षहरुवीच आयोजना कार्यान्वयन गर्न सहकार्यका लागि यो औपचारिक समझदारी भएको हो ।

नेपाल उद्योग वाणिज्य महासंघको यस अभियानमा यससंग सम्बन्धित राज्यपक्षीय निकायहरु र सबै राजनीतिक दलहरुबाट सहयोग भएमा देशमा धेरै जलविद्युत आयोजनाहरु सार्वजनिक निजी साझेदारी मोडेलमा कार्यान्वयनमा जाने कुरामा महासंघले पूर्ण विश्वास लिएको छ ।




हार्दिक शुभ-कामना



**विजया दशमी, शुभ-दिपावली, छठ पर्व**

**२०६७ को अवसरमा**

**सम्पूर्ण नेपाली दाजुभाई तथा दिदी बहिनीहरूमा**

**हार्दिक मंगलमय शुभ-कामना ।**

**अध्यक्ष**
**एवं**
- सिद्धार्थनगर उद्योग वाणिज्य संघ, परिवार

# विद्युत आयोजना निर्माण रोक्ने धारणाप्रति महासंघको गम्भीर ध्यानाकर्षण

नेपाल उद्योग वाणिज्य महासंघले असोज ६ गते एक विज्ञप्ति प्रकाशित गरि नेपालको संविधानसभामा सबैभन्दा बढी स्थानमा रहेको दल नेपाल कम्युनिष्ट पार्टी(माओवादी)द्वारा नेपाल सरकारले अध्ययन, निर्माण गर्न स्वीकृती दिएका महत्वपूर्ण १४ वटा विद्युत आयोजनाहरुलाई यथास्थितिमा सबै काम रोक्नुपर्ने भन्दै धारणा सार्वजनिक गरिएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

नेपाल सरकारबाट विधिवत स्वीकृती लिई काम शूरु गरिसकिएको र गर्न लागिएका विद्युत आयोजनाको अध्ययन, निर्माण कार्यलाई एकाएक बन्द गर्ने धारणा सार्वजनिक हुनु मुलुककै लागि दूर्भाग्य हो । विकास विरोधी यस्ता निर्णय गरेर मुलुकलाई कुन दिशातर्फ लैजान खोजेको हो, अनि कस्तो नेपाल बनाउन खोजिएको हो यसमा नेपालको निजी क्षेत्र अत्यन्त चिन्तित र मर्माहत भएको छ महासंघको विज्ञप्तिमा भनिएको छ ।

महासंघको विज्ञप्तिमा भनिएको छ- जलविद्युत विकासमा अपार सम्भाव्यताका बीच पनि लामो द्वन्द, राजनीतिक अस्थिरता र विद्युत विकासलाई सधैं राजनीतिक खेलबाट मुक्त राख्न नसक्दाको परिणाम दैनिक १८ घण्टासम्म अध्यारोमा बस्न बाध्य गरिव नेपालीहरुलाई यस्तो निर्णयले अव कता धकेल्ने हो र मुलुकको आर्थिक व्यावसायिक अवस्था कुन दिशा तर्फ जाने हो सो अनिश्चित बन्न जाने छ । मुलुकका जिम्मेवार राजनीतिक दलहरु आज कुन स्वार्थ अनुरुप मुलुकलाई थप अन्धकार र वर्वादीउन्मुख बनाउने तर्फ यस्ता निर्णय गर्दैछन् यो सोचनिय छ ।

नेपाल सरकारको निर्णयबाट अगाडी बढाइएका यस्ता आयोजनालाई एकाएक राजनीतिक रुपमा बन्द गरिदा नेपाल राष्ट्रको निर्णय क्षमता र यहांको राजनीतिक पार्टीहरुको विश्वसनियतामाथि अन्तराष्ट्रिय जगतमा कस्तो संदेश जान्छ एकपटक ठण्डा भएर सोच्न महासंघ आग्रह गर्दछ ।

साथै यस्ता निर्णय गर्दा मुलुकलाई पर्ने दूर गामी असरलाई मनन गरि तत्काल निर्णय फिर्ता लिई सरकारको स्वीकृती लिई अगाडी बढाइएका कुनै पनि विद्युत आयोजनालाई विनाकुनै अवरोध निरन्तर संचालन गर्न दिन पनि महासंघले सम्बन्धित राजनीतिक दलहरु समक्ष गम्भीर आग्रह समेत गरेको छ ।

# महासंघको पहलमा सुनचाँदीको समस्या समाधान गर्ने सहमती

नेपाल राष्ट्र बैंकले सुन कारोवारमा लिएको नयाँ नीतिका कारण सुनचाँदी व्यवसायमा उत्पन्न समस्या समाधानका लागि नेपाल उद्योग वाणिज्य महासंघले निकै ठूलो प्रयास गर्‍यो ।

महासंघको पहलमा सुनचाँदी व्यवसायसंग सम्बन्धित नेपाल सुनचाँदी व्यवसाय संघ सहित नेपाल रत्न तथा आभुषण संघ र नेपाल सुनचाँदी कला व्यवसायी संघ बीच सहमती कायम गराई व्यवसायीहरुको आन्दोलन स्थगित गरिएको थियो । राष्ट्र बैंकको नीतिको विरोधमा नेपाल सुनचाँदी व्यवसायी संघको आव्हानमा सुनचाँदी कारोवारलाई केही दिन बन्द समेत गरेको थियो ।

महासंघले आफनो पहलमा तीनै वटा संघका अध्यक्षहरु रहेको "सुन चाँदी व्यवस्थापन संयन्त्र" निर्माण गरी सोही संयन्त्र मार्फत यस क्षेत्रका यावत विषयलाई सम्पादन गर्ने सहमती गराएको थियो ।

सोही विषयमा एक सहमती निर्माण गरि महासंघका अध्यक्ष कुशकुमार जोशीको उपस्थितिमा महासंघका उपाध्यक्ष भाष्करराज राजकर्णिकार तथा नेपाल हस्तकला व्यवसायी महासंघका अध्यक्ष विकास रत्न धाख्वाको रोहवरमा सहमतीपत्रमा तीनै संस्था क्रमशः नेपाल सुनचाँदी व्यवसायी संघका अध्यक्ष तेजरत्न शाक्य, नेपाल रत्न तथा आभुषण संघका अध्यक्ष रमेश महर्जन र नेपाल सुनचादी कला व्यवसायी संघका अध्यक्ष रुद्र बहादुर बराइलीले हस्ताक्षर गर्नुभएको थियो ।

# अर्थतन्त्र ध्वस्त पार्ने राजनीति होइनः अध्यक्ष जोशी

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले अर्थतन्त्रमा आधारित राजनीति हुन नसक्दा अर्थतन्त्र धरासायी हुदै गएको बताउनु भएको छ ।

लेखनाथ उद्योग वाणिज्य संघको १४ औं साधारण सभाको हालै लेखनाथमा उद्घाटन गर्दै अध्यक्ष जोशीले आर्थिक एजेण्डालाई प्रमुख मुद्धा बनाएर अघि वढ्न दलहरुलाई सुझाव दिनु भयो ।

'अर्थतन्त्रमा आधारित राजनीति हुनुपर्नेमा नेपालमा भने राजनीतिमा अधारित अर्थतन्त्र रहदै आएको छ-अध्यक्ष जोसीले भन्नुभयो-आर्थिक एजेण्डालाई प्रमुख मुद्धा बनाएर अगाडी बढ्न नसके मुलुक ठप्प हुने अवस्था छ ।

व्यवसाय संचालन गर्दा राजनीति गरेकै कारण व्यवसाय कमजोर हुने गरेको बताउदै उहाले स्थायी शान्तिले मात्र व्यवसाय र अर्थतन्त्रमा सुधार ल्याउन सकिने स्पष्ट पार्नुभयो ।

बजेट अभावमा देश नचल्ने बताउदै अध्यक्ष जोशीले सरकार बनाउन भन्दा सबै दलहरु मिलेर बजेट ल्याउने वातावरण तयार गर्न पनि दलहरुलाई सुझाव दिनुभयो ।

राजनीतिक दलहरुलाई बजेटको आवश्यकता नभएको उहाको दावी थियो । 'राजनीतिक दलहरु मागेर खाने हुन, व्यवसायीहरु गरेर खाने हुन, त्यसैले व्यवसायीलाई बजेटको आवश्यक छ, बजेट आउनै पर्छ ।' अध्यक्ष जोशीले भन्नुभयो ।

महासंघका पुर्व अध्यक्ष आन्दराज मुल्मीले एकिकृत नेकपा माओवादीले १४ वटा जलविद्युत आयोजना वन्द गर्दा उल्टै भारतलाई नै फाइदा पुग्ने दावी गर्दै आयोजना वन्द गर्ने कुरालाई पुनरविचार गर्न आग्रह गर्नुभयो ।

महासंघका कार्यकारिणी समिति सदस्य चन्द्रकृष्ण कर्माचार्य, आजाद श्रेष्ठ, वृर्षराज श्रेष्ठ, प्रमोद श्रेष्ठ र डिवि वस्नेतले राजनीतिक अस्थिर ताले विदेशी लगानीकर्ताहरु समेत लगानी गर्न तयार नभएको बताउनु भयो ।

संघका अध्यक्ष वाबुराम जमरकट्टेलको अध्यक्षतामा भएको उक्त, राजनीतिक दलका स्थानीय प्रतिनिधिहरु, संघका प्रथम उपाध्यक्ष कुलप्रसाद अधिकारी, महासचिव लक्ष्मीप्रसाद त्रिपाठीले शुभ-कामना व्यक्त गर्नु भएको थियो ।

साधारण सभाले कोषाध्यक्ष चन्द्रवहादुर राजभण्डारी र महासचिव लक्ष्मीप्रसाद त्रिपाठीले प्रस्तुत गर्नुभएको आर्थिक तथा वार्षिक प्रतिवेदन छलफल पछि पारित गरेको थियो ।

## नेपाल चीन गैरसरकारी सहयोग ....................

रहेको र चीनसंग यस क्षेत्रको लामो अनुभव, प्रविधि एवं लगानी समेत भएकाले मंचलाई यस कार्यमा प्रभावकारी रुपमा उपयोग गर्न जोड दिइएको थियो। बैठकमा नेपाली पक्षको नेतृत्व नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशी र चिनीयां पक्षको नेतृत्व अखिल चीन उद्योग वाणिज्य महासंघका प्रथम उपाध्यक्ष छुवान चचु (Quan Zhezhu, First Vice-chairman of All-China Federation of Industry and Commerce -ACFIC) ले गर्नु भएको थियो।

संविधानसभाका अध्यक्ष सुभाषचन्द्र नेम्वाङले बैठकको समुद्घाटन गर्दै नेपालमा रहेको अपार जलश्रोत क्षेत्रमा लगानी गर्न चिनीया उद्यमीहरुलाई आग्रह गर्नुभयो।

महासंघका अध्यक्ष जोशीले निजी क्षेत्रका तर्फबाट दुई देश बीचको आर्थिक व्यावसायिक सम्बन्ध विस्तार गरि दुवै देशका जनतालाई लाभान्वित बनाउन क्रियाशिल मंच यस अर्थमा निरन्तर सफलता तर्फ उन्मुख हुदै गएको भन्दै अगाडी भन्नुभयो–आर्थिक व्यावसायिक सम्बन्ध विस्तारमा मंच साँच्चिकै सेतु बन्न गएको छ। अध्यक्ष जोशीले भन्नु भयो- अनुभव र उपलब्धीका हिसाबमा निकै ठूलो फड्को मारेको क्षेत्र जलविद्युत विकासमा चीनको सहयोग नेपालका लागि अपरीहार्य छ।

नेपालका लागि चिनीयां राजदुत छिउ कोहोङ (Qiu Guohong, Ambassador of People's Republic of China) ले यस वर्षको मंचको बैठकमा जलविद्युत क्षेत्रमा निकै ठूलो अनुभव हासिल गरेका लगानीकर्ताहरुको सहभागीता रहेकोले यसलाई पूर्ण रुपमा उपयोग गर्न अपिल गर्नुभयो। अखिल चीन उद्योग वाणिज्य महासंघका प्रथम उपाध्यक्ष छुवान चचुले नेपालको जलविद्युत विकासमा चीनले सहयोग जारी राख्ने विश्वास समेत दिनु भयो। उहाँले व्यावसायिक कृषि, पर्यटन, जडीवूटी, पूर्वाधार विकास थप सहयोग र सहकार्यका क्षेत्र हुन सक्ने समेत स्पष्ट पार्नुभयो।

उद्घाटन कार्यक्रममा नेपाल चीन उद्योग वाणिज्य संघका अध्यक्ष राजेशकाजी श्रेष्ठले धन्यवाद मन्तव्य दिनु भएको थियो।



(बैठकको अन्त्यमा प्रगति विवरणमा हस्ताक्षर गर्नुहुदै महासंघका अध्यक्ष जोशी तथा एसीएफआइसीका उपाध्यक्ष चचु)

समुद्घाटन पश्चात आयोजित बैठकको पहिलो शत्रको अध्यक्षता राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेलले गर्नुभएको थियो। उक्त शत्रमा उर्जा मन्त्रालयका सहसचिव श्रीरंजन लाकौलले जलविद्युत विकासको लागि नेपालको नीति र नेपाल उद्योग वाणिज्य महासंघको उर्जा विकास फोरमका संयोजक ज्ञानेन्द्रलाल प्रधानले नेपालमा जलविद्युत लगानीको सुनौलो अवसर विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। नेपालको तर्फबाट प्रस्तुत कार्यपत्रमा जलविद्युत विकासमा नेपाल सरकारको नीति, हालको अवस्था, राष्ट्रिय क्षेत्रीय बजार सम्भाव्यता लगायतका विषयमा स्पष्ट पारिएको थियो।

परराष्ट्र मन्त्रालयका सचिव डा. मदनकुमार भट्टराईको अध्यक्षतामा आयोजित दोश्रो शत्रमा चीनको हानर्जी होल्डिङ ग्रुपका कार्यकारि उपाध्यक्ष वाङ योङ (Wang Yong, Executive Vice Chairman of Hanergy Hold-

बाँकी पृष्ठ ५ मा




हार्दिक शुभ-कामना

**विजया दशमी, शुभ-दिपावली, छठ पर्व**

**६७ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदी बहिनीहरूमा**

**हार्दिक मंगलमय शुभ-कामना।**



अध्यक्ष
एवं
- नेपालगंज उद्योग वाणिज्य संघ, परिवार

Sol;L ;Dajng ;DkGg



## नेपाल चीन गैरसरकारी सहयोग ....................

ings Group) र कुनमिङ वेईकोङ हाइड्रो इलेक्ट्रीसीटी इन्जिनियरिङ टेक्नोलोजी कम्पनी लि.का अध्यक्ष काव चीयानयुन (Gaojianyun, Chairman of Kunming Weigong Hydro-electricity Engineering Technology Co. Ltd) ले "नेपालको जलविद्युत विकासमा कसरी चीनले सहयोग गर्न सक्छ" भन्ने विषयमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । चिनियाँ पक्षबाट प्रस्तुत कार्यपत्रमा विशेषतः नेपालले क्षेत्रीय आर्थिक सहयोगलाई वृद्धि गर्दै अन्तर्राष्ट्रिय बजारको विकासका गर्नुपर्ने, पूर्वाधार विकासलाई तीव्रता दिनुपर्ने, विद्युत प्रशारण लाईन विकासलाई तीव्रता दिन सुझाव दिइएको थियो। कार्यपत्र प्रस्तुती पश्चात दुवै देशका व्यावसायिक जगत बीच बिजिनेस टु बिजिनेस बैठक समेत भयो। सो अवसरमा आपसी सहकार्यका सम्भाव्यता एवं लगानीका अवसरहरुको पहिचानका दिशामा महत्वपूर्ण वार्ता समेत भयो। ११ औं बैठकमा दुवै देशका महासंघ बीच विभिन्न महत्वपूर्ण बुँदाहरुमा सहमती भएको छ।



(व्यावसायिक भेटघाटमा दुवै देशका उद्यमीहरु)

**जसअनुसारः**

*१. नेपालको जलविद्युत तथा उर्जा क्षेत्रको विकासका लागि संयुक्त लगानी तथा सहकार्यका माध्यमबाट अगाडी बढ्ने,*

*२. द्विपक्षीय व्यापार, लगानी तथा पर्यटन प्रवर्द्धनका माध्यमबाट आपसी सहकार्यलाई अझ विस्तार गर्ने,*

*३. मंचका गतिविधिहरुलाई अझ बढी विस्तार गर्दै यसबाट ठोस उपलब्धी तथा आपसी सम्बन्धलाई थप मजवुद बनाउने,*

*४.आपसी सम्बन्ध नयाँ चरणमा प्रवेश गरेकोले आगामी दिनमा द्विपक्षीय आर्थिक व्यापारिक सम्बन्ध विस्तारमा मंचको भूमिकालाई अझ बढी प्रभावकारी पार्ने,*

*५.व्यावसायिक प्रतिनिधिमण्डलको आदान प्रदान, नेपाली व्यवसायीहरुका लागि तालीमको व्यवस्था, व्यावसायिक दौरनमा बढी भन्दा बढी सम्पर्क विस्तार, आर्थिक व्यावसायिक सूचना आदान प्रदान, सम्बन्धित देशमा व्यापार व्यवसाय संचालनमा सहजीकरणको भूमिका निर्वाह गर्ने,*

*६.मंचको आगामी १२ औं बैठक चीनमा आयोजना गर्ने, समय, स्थान र बैठकको विषय वस्तु दुवै महासंघको परामर्श पश्चात तय गर्ने* जस्ता मुख्य विषयहरुमा सहमत भएका छन् ।

बैठकमा स्वशासित क्षेत्र तिव्वत सहित चीनबाट जलश्रोत, पर्यटन, कृषि, नागरिक उड्डयन, घरजग्गा निर्माण व्यवसाय, औषधि जडीबूटी, मेकानिकल इन्जिनियरिङ लगायतका क्षेत्रका ३९ जना स्थापित एवं प्रतिष्ठित लगानीकर्ता व्यवसायिक घरानाहरुको सहभागिता रहेको थियो ।

यस वर्षको चिनीया उद्यमी व्यवसायीहरुको सहभागितालाई हेर्दा चीन यस मंचका माध्यमबाट नेपालको आर्थिक विकासमा सहयोग गर्न तीव्र इच्छुक भएको तथ्य स्पष्ट भएको धारणा चीन सम्बन्धी नेपाली जानकारहरुबाट व्यक्त भएको छ ।

**यस वर्षको मंचमा छलफलको दौरानमा चिनीयाँ उद्यमीहरुले नेपालमा १० मेगावाटसम्मको पनि जलविद्युत आयोजनामा लगानी गर्ने इच्छा देखाएका थिए । खासगरि नेपालको संविधान निर्माण कार्य निर्धारित समयभित्रै सम्पन्न भएमा नेपालमा लगानीको वातावरण बन्न जाने उनीहरुको राय थियो । नेपालको पर्यटन, व्यावसायिक कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माणमा पनि चिनीया उद्यमीहरुले लगानीका लागि इच्छा देखाएका छन् तर उनीहरुको एउटै जोड नेपालमा शान्ति सुरक्षा र कानूनी शासनको प्रत्याभुतिमै थियो ।**

## पुस्तकालय जानकारी

उद्योग, वाणिज्य, श्रम, पर्यटनलगायत अर्थतन्त्रसँग सम्बन्धित विभिन्न पुस्तक-पुस्तिका, अध्ययन प्रंतिवेदन एवम् ट्रेड डाइरेक्टरीका प्रकाशनहरु नेपाल उद्योग वाणिज्य महासंघको पुस्तकालय ( Documentation and Information Unit) मा प्राप्त भएकोले अध्ययन गर्न इच्छुक महानुभावहरुले पुस्तकालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

# निर्धारित समयमै संविधान बनाऊः वरिष्ठ उपाध्यक्ष वैद्य

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष सुरज वैद्यले नयाँ संविधान निर्धारित समयमा बनाउन र त्यसबाट आर्थिक, सामाजिक विकास बढाउन आव्हान गर्नुभएको छ ।

थप गरिएको समयमा संविधान बन्ने संभावना न्यून बन्दै गएकाले त्यसको अभावबाट आर्थिक क्षेत्रले सवैभन्दा बढी क्षति व्यहोर्नु पर्ने हुँदा निर्धारित मितिमै संविधान निर्माण हुने वातावरण वनाउनु आग्रह गर्नुभयो ।

बुटवल उद्योग वाणिज्य संघद्वारा हालै बुटवलमा आयोजित छलफल कार्यक्रममा बोल्दै महासंघका वरिष्ठ उपाध्यक्ष वैद्यले राजनीतिक दलको प्राथमिकतामा आर्थिक मुद्दा नभएकाले आर्थिक मुद्दालाई संविधानमा समेट्नु पर्ने पहिलो चुनौती रहेको बताउनु भयो ।

उहांले मजदुरहरुको समस्यालाई उत्पादनसंग नजोडी हायर एण्ड फायरसंग जोडिएको समस्याको रुपमा देखिएको बताउनु भयो ।महासंघका निवर्तमान अध्यक्ष चण्डिराज ढकालले समस्यालाई चुनौतिका रुपमा लिई समाधान गरी संभावनाको बाटो खोल्न निजी क्षेत्र तयार हुनुपर्ने बताउनुभयो । पछिल्ला बर्षहरुमा आर्थिक मुद्दाले सञ्चार माध्यम र नागरिक समाजमा प्राथमिकता पाएको उल्लेख गर्दै उहांले राजनीतिक स्थायीत्व हुन सके राजनीतिक क्षेत्रबाट पनि प्राथमिकता पाउने बताउनु भयो ।

महासंघका उपाध्यक्ष भाष्करराज राजकर्णिकारले परम्परागत ढंगबाट नभई संघिय राज्य प्रणालीमा जांदा मुलुकको आर्थिक, सामाजिक विकास कसरी गर्ने भन्नेमा महासंघ र उद्योग वाणिज्य संघहरुले अहिले देखिनै अवधारणा तयार गर्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा महासंघको कार्यकारिणी समिति सदस्य तथा संघका निवर्तमान अध्यक्ष नवराज श्रेष्ठ, पूर्व अध्यक्ष अर्जुनमान सैजू, वरिष्ठ उपाध्यक्ष डा. रोहितराज क्षेत्री, उपाध्यक्ष खिम बहादुर हमाल, महासचिव कृष्ण कुमार श्रेष्ठ, कोषाध्यक्ष जे.पी. गुप्ता, सचिव राजेन्द्र ध्वजू, का.का.स. विरेन्द्रकेशर जोशी लगायतले बोल्नु भएको थियो ।

सभापतिको आशनबाट संघका अध्यक्ष शंकर श्रेष्ठले बुटवल तथा आसपासका व्यावसायिक समस्या, कर तथा राजश्व नीति, औद्योगिक क्षेत्रको अभाव लगायतमा जानकारी गराउनु भएको थियो ।

पूर्व लडाकूहरुको पुनरस्थापनामा...............

*३.आफ्नो पढाईलाई पूरा गर्न चाहने पूर्व लडाकुहरू र⁄वा तिनका आश्रितहरूलाई छात्रवृत्ति दिएर तथा विद्यालय पठाउन लगाएर पूर्व लडाकुहरूको शिक्षामा सहयोग गर्न सकिन्छ ।*

*४.नेपाल सरकार तथा अन्तर्राष्ट्रिय निकायहरूलाई विद्यमान रोजगारीका अवसर तथा नयाँ व्यवसायका लागि बजारका अवसर सम्बन्धी तथ्यांक उपलब्ध गराएर सहयोग गर्न सकिन्छ ।*

कार्यशालामा सहभागी सरोकारवालाहरूले पुनर्स्थापन कार्यलाई सफल बनाउन निजी क्षेत्रको सहयोग अति नै आवश्यक भएको र पुनर्स्थापन कार्यक्रमको शुरुदेखि नै निजी क्षेत्रको संलग्नता चाहिन्छ भन्ने विषयमा स्पष्ट थिए । साथै विभिन्न सहुलियत दिएर पनि निजी क्षेत्रलाई यो कार्यमा अझ प्रोत्साहित र संलग्न गर्न सकिने कुरा सहभागीहरुले कार्यशालामा उठाएका थिए ।निजी क्षेत्रका प्रतिनिधिहरूले उत्साहित हुंदाहुँदै पनि राजनीतिकरण गरिएका ट्रेड युनियनसंगको उनीहरूको अनुभवका कारणले पूर्व लडाकुहरूलाई कसरी रोजगारी दिने भन्ने प्रश्न पनि उठाएका थिए । तथापि सहभागिहरूले त्यस्ता राजनीतिक विषयमा अल्झने प्रयास गर्न नहुनेमा भने आम सहमति बनेको थियो । अर्को महत्वपूर्ण चासोको विषय थियो–स्पष्ट तथा पारस्परिक लाभ दिने खालको श्रम ऐन बनाउनु पर्छ भन्ने ।

निजी क्षेत्रका प्रतिनिधिहरूले मुलुकको व्यापार व्यवसायका लागि लगानी तथा समग्र वातावरण सुधिन सकेका खण्डमा निजी क्षेत्रले पूर्व लडाकुहरू मात्र होइन, अन्य द्वन्द्व प्रभावित जनता तथा प्रत्येक वर्ष श्रम बजारमा आउने ३ लाख नेपाली युवाहरूलाई समेत रोजगारमा लिन केही समस्या नहुने कुरा स्पष्ट गरे ।

लगानीको वातावरणमा सुधार ल्याउन आर्थिक विकासलाई प्राथमिकता दिई खासगरी व्यापार व्यवसाय तथा व्यवसायीहरूको भौतिक सुरक्षाका साथ स्थायित्व र विधिको शासनलाई सुदृढ तुल्याउनुपर्ने कुरालाई उक्त कार्यशालामा जोडतोडका साथ उठाइएको थियो ।

पहिलो कार्यशालामा आएका विचारलाई अझ विकसित गर्ने र यो काम राष्ट्रिय व्यवसायिक पहल तथा इन्टरन्यासनल अलर्टले राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासंग समन्वय गरी गर्नेछन् । यसको परिणामस्वरुप आय आर्जन र रोजगारी सिर्जना गर्नमा निजी क्षेत्र–सरकार –अन्तर्राष्ट्रिय समुदायबीचको सहयोगका लागि अझ बढी प्रभावकारी मोडल आउने आशा गरिएको छ । यो मोडल पूर्व लडाकुहरूका लागि मात्र होइन अन्य प्रभावित भएका तथा सीमान्तकृत समूहका लागि समेत प्रयोग गर्न सकिने दावी निजी क्षेत्रको छ ।

## ग्लोवल कम्प्याक्ट सम्मेलनमा अध्यक्ष

ग्लोवल कम्प्याक्ट सम्बन्धी यस वर्ष न्यूयोर्कमा आयोजित विश्व सम्मेलनमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले भाग लिनु भयो ।

यूएनका महासचिव वानकी मुनको अध्यक्षतामा सम्पन्न विश्व सम्मेलनद्वारा ११ बूंदे घोषणापत्रमा जारी गरिएको थियो ।

मानव अधिकार, श्रम, वातावरण र भ्रष्टाचार विरुद्धका गतिविधिहरुलाई आफना रणनीति, कार्य संचालन पद्धति र कर्पोरेट कल्चरमा समेत अवलम्वन गर्दै संयुक्त राष्ट्र संघको शहस्राव्दी विकास लक्ष्य हासिल गर्न सहयोग गर्ने लगायत रहेको छ । सम्मेलनका क्रममा महासंघका अध्यक्ष जोशीले संयुक्त राष्ट्र संघका महासचिव वान कि मुनसँग समेत भेट गर्नु भयो ।

सम्मेलनमा महासंघका अध्यक्ष जोशीले नेपाल उद्योग वाणिज्य महासंघले नेपालमा ग्लोबल कम्प्याक्टका सिद्धान्त अनुरुप व्यवसाय प्रवर्द्धनमा खेलेको भूमिका र हासिल उपलव्धीका विषयमा विश्व समुदायलाई आफनो सम्वोधन मार्फत जानकारी गराउनु भएको थियो ।

# विविध कार्यक्रमहरुका साथ गैरआवासीय नेपाली दिवस-२०६७ सम्पन्न



*गैरआवासीय नेपाली दिवसको समुद्घाटन गर्नुहुदैं प्रमुख अतिथि संविधान सभाका अध्यक्ष नेम्वाङ*

गैर आवासीय नेपाली दिवस २०६७ विविध कार्यक्रमहरुका साथ सम्पन्न भयो । यस वर्षको दिवसको अवसरमा संघद्वारा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र शिक्षा मन्त्रालयसंग विज्ञान, प्रविधि र खुला विश्व विद्यालय स्थापनाका विषयमा सहकार्य गर्न सहमती गरिएको छ। त्यसैगरि दिवसकै अवसरमा गोरखामा इलम प्रशिक्षण कार्यक्रम स्थापना, साराङकोट सुधार परियोजनाको शुभारम्भ लगायतका महत्वपूर्ण कार्यक्रहरु सम्पन्न भएका छन्। पोखरामा आयोजित एनआरएन दिवसको संविधानसभाका अध्यक्ष सुवाषचन्द्र नेम्वाङले असोज २५ गते पोखरामा उद्घाटन गर्नुभयो। पोखरा उद्योग वाणिज्य संघको आतिथ्यतामा सम्पन्न सो कार्यक्रमलाई सम्वोधन गर्दै प्रमुख अतिथि नेम्वाङले स्वदेश तथा विदेशमा वस्ने सवै नेपालीहरुले आ-आफ्नो क्षेत्रबाट निर्धारित समयमा संविधान निर्माण गर्न राजनीतिकदलका नेताहरुलाई दवाव दिनुपर्नेमा जोड दिनुभयो। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले एनआरएन मुलुकको विकासका लागि एक बलियो साझेदार भएको बताउदै विश्वका विभिन्न देशहरुमा रहेर पेशा व्यवसाय गरि ज्ञान, शीप, पूंजी अनुभव आर्जन गरेका एनआरएनहरुको त्यो सम्पत्तिलाई मुलुकको समृद्धिमा भरपुर उपयोग गर्नुपर्नेमा जोड दिनु भयो।

गैर आवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनले मुलुक समृद्ध भए हामी नेपाली पनि समृद्ध हुने हुदा मुलुकलाई समृद्धिको मार्गमा लैजान स्वदेश तथा विदेशमा वस्ने हामी सवैले अथक प्रयास गर्नैपर्छ भन्नु भयो। संघका उपाध्यक्ष जीवा लामिछानेले एनआरएन मुलुकको समृद्धिका लागि गठित संस्था भएकोले आफ्नो उद्देश्यमा निरन्तर लाग्ने विश्वास दिलाउनुभयो।

उद्घाटन कार्यक्रममा कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी शम्भुराम कोइराला, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णमोहन कृष्ण श्रेष्ठले पनि शुभकामना मन्तव्य दिनु भएको थियो।



हार्दिक शुभ-कामना



**विजया दशमी, शुभ-दिपावली, छठ पर्व**

**२०६७ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदी बहिनीहरूमा**

**हार्दिक मंगलमय शुभ-कामना ।**

FNCCI

**अध्यक्ष**
**एव**
नेपाल उद्योग वाणिज्य महासंघ,परिवार

# भोली उद्योग चलाउनै कामदार अभाव हुने–उपाध्यक्ष ताम्राकार

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष कृष्णप्रसाद ताम्राकारले मुलुकको विग्रदो अवस्थाका कारण जनशक्ति विदेशीने क्रम अत्यधिक बढ्दै गएकाले भोली नेपाली उद्योगमै कामदार समस्या हुन सक्ने अवस्था आउन सक्ने तर्फ सचेत गराउनु भएको छ।

पाल्पा उद्योग वाणिज्य संघको ५२ औं साधारण सभा एवं १२ औं अधिवेशनको हालै पाल्पामा उद्घाटन गर्नुहुँदै उपाध्यक्ष ताम्राकारले सहमति, सहकार्य र एकताबाटै मुलुकले निकास पाउने हुँदा तीन ठूला दललाई मिलेर तत्काल सरकार बनाई वर्तमान अन्यौलताको अन्त्य गर्न आग्रह गर्नु भयो।

महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले चन्दा आतंककै कारण पनि उद्योगी व्यवसायीहरु एउटा न एउटा राजनीतिक दलको आड लाग्न बाध्य भएको र निजी क्षेत्र उद्योगी, व्यापारी, व्यवसायीहरुले राहत नपाएर आहत पाईरहेको बताउनु भएको थियो।

महासंघका लुम्बिनी अंचल प्रतिनिधि कृष्ण प्रसाद शर्माले राजनीतिक अस्थिरताले देशको आर्थिक अवस्था नाजुक भएको र दलहरुले सबैलाई राजनीतिमा मुछेकोले उद्योगी, व्यवसायीहरु पनि वाध्य भएर राजनीतिमा आउनु पर्ने अवस्था आएको बताउनु भयो।

संघका अध्यक्ष भुषण राजलवटले पर्यटकको माग अनुसार सेवा, सुविधा र वस्तुको विकास गर्न नसक्दा पर्यटन उद्योग कमजोर धरातलमा रहेको बताउनु भयो। सो अवसरमा संघद्वारा प्रकाशित स्मारिका पनि विमोचन गरिएको थियो। कार्यक्रममा २०६६ सालको एसएलसी परिक्षामा उत्कृष्ट अंक ल्याउने सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई सम्मान पनि गरिएको थियो। सो अवसरमा विभिन्न राजनीतिक दलका स्थानीय प्रतिनिधिहरु, स्थानीय निकायका पदाधिकारीहरु, लगायतबाट संघको सफलताको लागि शुभकामना व्यक्त गरिएको थियो।

सो अवसरमा पेश गरिएको संघको वार्षिक प्रगति प्रतिवेदनमा पाल्पामा शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि क्षेत्रको विकासको संभावना हुँदा हुँदै पनि पाल्पावासी बादलभित्र हराएको काग जस्तै भएको उल्लेख छ। संघका कोषाध्यक्ष सुशिल प्रधानले आ.व. २०६६/०६७ को वार्षिक आय-व्यय तथा लेखा परिक्षण प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो।

# अध्यक्ष जोशीद्वारा तत्काल पूर्ण बजेट ल्याउन आग्रह

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले पूर्ण बजेट नआउँदा उद्यमी व्यवसायीहरुमा अन्यौलता छाएको बताउनु भएको छ। लमजुङ उद्योग वाणिज्य संघको २४ औं वार्षिक साधारण सभाको हालै लमजुङमा उद्घाटन गर्नुहुँदै अध्यक्ष जोशीले समयमा बजेट आउन नसक्दाको असर मुलुकले दीर्घकालसम्म भोग्नु पर्ने बताउनु भयो।

महासंघको कार्यकारिणी समिति सदस्य डि.वी बस्नेतले नेपालमा लगानीको लागि उचित वातावरण पाउन गाह्रो भएको बताउनुहुदै देशमा यस्तै अन्यौल छाइरहनेहो भने देशको पूंजी वाहिर जाने सम्भावना वृद्धि भएको बताउनु भयो। सो अवसर मा संघका पूर्व अध्यक्ष स्व. रमेशकुमार पियालाई मर णोपरान्त सम्मान गरिएको थियो। त्यसैगरि संघका उत्कृष्ट कर्मचारी कुसुम श्रेष्ठलाई पनि सो अवसरमा सम्मान गरिएको थियो।

साधारण सभामा संघका इकाईहरु भोटेओडार र उदीपुरलाई सचिवालय निर्माणका लागि रु. १/१ लाख आर्थिक सहयोगको घोषणा गरिएको थियो भने शुन्दरवजार इकाईलाई उत्कृष्ट इकाईको रुपमा सम्मान गरिएको थियो। कार्यक्रम संघका अध्यक्ष प्रमोदकुमार श्रेष्ठको सभापतित्वमा सम्पन्न भएको थियो।




नेउवामहासंघद्वारा काठमाडौंमा आयोजित सुचना प्रविधिमा सिंगापुरको अनुभव आदान-प्रदान कार्यक्रम

# व्यापार मेला आर्थिक सम्पन्नता बढाउन कोशेढुंगा हुने–उपाध्यक्ष राजकर्णिकार

मध्यपश्चिम विकास क्षेत्रको केन्द्र विन्दु सुर्खेतको वीरेन्द्रनगरमा आगामी मंसीर १७ देखि २६ गतेसम्म "दोस्रो सुर्खेत महोत्सव एवं मध्यपश्चिमाञ्चल क्षेत्रीय औद्योगिक, व्यापारिक, कृषि, साँस्कृतिक तथा पर्यटन महोत्सव आयोजना हुने भएको छ।

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय/लघु घरेलु तथा साना उद्योग विकास कोष, नेपाल उद्योग वाणिज्य महासंघ र सुर्खेत उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा हुने सो महोत्सव जिल्ला विकास समिति सुर्खेत र वीरेन्द्रनगर नगरपालिका सुर्खेतको सह-आयोजनामा हुन लागेको हो। सो सम्वन्धमा हालै महासंघमा आयोजित पत्रकार सम्मेलनमा सो जानकारी दिइएको हो।

पत्रकार सम्मेलनलाई सम्वोधन गर्नुहुदै महासंघका उपाध्यक्ष भाष्करराज राजकर्णिकारले स्थानीय जनताको आर्थिक जीवनस्तर माथि उठाउन महत्वपूर्ण मानिदै आएको व्यापार मेला समष्टीगत रुपमा हेर्दा क्षेत्रीय आर्थिक सम्पन्नता बढाउन कोशेढुंगा हुने विश्वास प्रकट गर्नुभयो।

उपाध्यक्ष राजकर्णिकारले महासंघले मेला महोत्सवको माध्यमबाट स्थानीय तहमा आर्थिक लहर ल्याउन यस्ता कार्यक्रमलाई युद्धस्तरमा अगाडी बढाएको पनि जानकारी गराउनु भयो।

कार्यकारिणी समितिका सदस्यहरु डीवी वस्नेत, लोकविक्रम थापा र सुर्खेत उवासंघका पदाधिकारीहरुको समेत उपस्थिति रहेको सो पत्रकार सम्मेलनलाई सम्वोधन गर्नुहुदै महासंघको मेला समितिका सभापति एजी शेर्पाले मेला महोत्सवले राष्ट्रिय अर्थतन्त्रमा ठूलो टेवा पुऱ्याएको विश्लेषण महासंघको रहेको स्पष्ट पार्नुभयो। पत्रकार सम्मेलनमा संघका अध्यक्ष विष्णु ब. शाहीले मेलाको बारे जानकारी दिनुभएको थियो।



नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल सरकार स्थानिय विकास मन्त्रालय र युएनडीपीद्वारा संयुक्तरुपमा काठमाडौंमा आयोजित सार्वजनिक निजी साझेदारी (पीपीपी) अनुभव आदान-प्रदान विषयक राष्ट्रिय सम्मेलनलाई सम्वोधन गर्नुहुदैं महासंघका अध्यक्ष जोशी। सो सम्मेलनमा पीपीपी मोडल अनुरुप कार्यक्रमहरु सञ्चालन भएका जिल्लाहरुका प्रतिनिधिहरुले आ-आफ्नो अनुभव आदान-प्रदान एवम् भावी कार्यक्रम विषयमा विचार विर्मश गर्नुभएको थियो।

## संक्षिप्त समाचार

### नेदरल्याण्ड नियोगसंग भेटवार्ता

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशी, उपाध्यक्ष कृष्णप्रसाद ताम्राकार र एसएनभी–एशिया क्षेत्रीय निर्देशक एण्डी वीकेम्प र अलर्ट भेन डीन हेम ( Allert Van den Ham-Regional Director SNV-Asia Region) बीच हालै महासंघ सचिवालयमा भेटघाट सम्पन्न भयो। सो भेटघाटमा कार्यक्रममा आधारित सहयोग भन्दा पनि महासंघ र एसएनभी जस्ता संस्था बीच निरन्तर सहकार्य र समन्वयको संयन्त्र निर्माण हुनु पर्नेमा जोड दिइएको थियो।

भेटका अवसरमा एसएनभी नेपालका देशीय निर्देशक ह्यान्स हेज्रा (Hans Heijdra-Country Director-SNV-Nepal), महासंघका महानिर्देशक हेमन्त दवाडी र एसएनभी नेपालका पोर्टफोलियो कोअर्डिनेटर उज्जवलराज पोखरेलको पनि सहभागिता रहेको थियो।

### जीटीजेडका पदाधिकारीसंग भेटघाट

नेपाल उद्योग वाणिज्य महासंघ र जर्मन सरकारको आर्थिक सहयोग एवं विकास मन्त्रालयका पदाधिकारी बीच हालै महासंघ सचिवालयमा भएको भेटमा नेपालको आर्थिक सामाजिक विकासमा निजी क्षेत्रसंगको सहकार्यलाई अझ बजवुद बनाउदै लैजानेमा जोड दिइएको छ।

महासंघका अध्यक्ष कुशकुमार जोशी र उक्त मन्त्रालयका दक्षिण एशिया नेपाल श्रीलंका शाखा प्रमुख वोल्फगाङ हर्सका (Wolfgang Hruschka, Head of Section Nepal, Sri Lanka South Asia Division) को नेतृत्वमा महासंघमा आएको जर्मन प्रतिनिधिमण्डल बीचको भेटमा नेपालको आर्थिक विकासमा जर्मनी सहयोगलाई कुन क्षेत्रमा बढी केन्द्रीत गर्नुपर्ने हो। त्यसका लागि सम्भाव्य क्षेत्रहरुको पहिचान सहित अगाडी बढ्नु पर्ने र यसमा महासंघ जस्ता संस्थाहरुको सहयोग एवं भूमिकाका विषयमा विस्तृत छलफल भयो।

बैठकमा उर्जाको प्रभावकारिता, उर्जा विकास, इनर्जि अडिट, उद्यमशीलता विकास जस्ता विषयमा विस्तृत छलफल भयो।

# औद्योगिक नीति-२०६७ का महत्वपूर्ण अंशहरु

***औद्योगिक नीति २०६७ को दफा ९ मा लघु उद्यम, घरेलु तथा साना उद्योग सम्बन्धी विशेष नीतिगत व्यवस्था गरिएको छ । उक्त नीतिमा गरिएको व्यवस्था निम्न बमोजिम छ ।***

- लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारलाई टेवा पुग्ने आवश्यक कानूनी व्यवस्था गर्दै संस्थागत संरचना तथा पूर्वाधारहरुको निर्माण गरिनेछ ।

-लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रतिस्पर्धात्मक क्षमता बृद्धि गरी वजार पहुँच तथा विस्तारका लागि सक्षम बनाउन हाल रहेका लघु उद्यम, घरेलु तथा साना उद्योग विकास कोषको सेवालाई विस्तार गरी प्रभावकारी बनाइनेछ ।

-जिल्लामा उपलब्ध प्राकृतिक श्रोत, मानविय संसाधन र लगानीका अवसरको आधारमा स्थानिय जिल्ला विकास समिति/नगरपालिका र गाउँ विकास समितिसँगको समन्वयमा जिल्ला उद्यम तथा उद्योग विकास योजना तयार गरी यी निकायहरुसँगको सहकार्यमा चरणगत रुपमा कार्यान्वयन गरिनेछ ।

- लघु उद्यम, घरेलु तथा साना उद्योगहरुको स्थापना तथा प्रवर्द्धन गर्दा नेपाल सरकारले तोकेको लक्षित समूहलाई विशेष प्राथमिकता दिदै उत्प्रेरणा तथा उद्यमशीलता विकास तालिमको माध्यमवाट लक्षित समूहमा स्रोत-साधनको संभाव्यता र वजारको मागमा आधारित उपयुक्त उद्यमहरुको छनौट गरी त्यस्ता उद्यम संचालन गर्ने क्षमताको विकास गरिनेछ ।

- ग्रामीण क्षेत्रका उत्पादनमूलक उद्योगहरुलाई व्यवसाय विकास सेवा (Business Development Service-BDS) पुऱ्याउन सामुदायिक वा सहकारी लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम स्थापना गरी औद्योगिक केन्द्रहरु (Industrial Clusters) को विकास गरिनेछ ।

- एक गाउँ एक उत्पादन (One Village One Product) को अवधारणा अनुसार स्थानीयस्तरमा सवै भन्दा बढी संभाव्य देखिएका स्रोत र साधनको पहिचान गरी यसमा आधारित औद्योगिक वस्तुको उत्पादनलाई प्रवर्द्धन गर्न वस्तु विकास केन्द्र (Product Development Centres) हरु स्थापना गर्दै थप समूहगत औद्योगिक केन्द्रहरु (Product Specific Industrial Clusters) को माध्यमबाट औद्योगिक प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ ।

- लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम स्थापना गर्न औद्योगिक पूर्वाधार विकास गर्ने कार्यमा अग्रसरता देखाउने स्थानीय निकायलाई खर्चको अनुपातमा अनुदान रकम वृद्धि गर्ने व्यवस्था मिलाइनेछ ।

- सामूहिक चिन्ह (Collective Mark) को उपयोगद्वारा लघु उद्यम, घरेलु तथा साना उद्योगहरुको उत्पादनको पहिचान कायम गराई यिनीहरुको प्रवर्द्धनका लागि सहयोग गरिनेछ ।

- लघु उद्यम, घरेलु तथा साना उद्योगमा वौद्धिक सम्पत्ति संरक्षणको लागि एकीकृत र सक्षम संस्थागत व्यवस्था गरी यसको समुचित संरक्षण र उपयोगलाई प्रोत्साहन गरिनेछ ।

- लघु उद्यम, घरेलु तथा साना उद्योगको उत्पादन तथा बजार प्रवर्द्धनका लगि उपयुक्त सूचना प्रविधि (Information Technology) को प्रयोगको लागि विशेष व्यवस्था गरिनेछ ।

## सदस्य संघहरुको गतिविधि

### जिल्ला/नगर उद्योग वाणिज्य संघ

#### पाल्पा उद्योग वाणिज्य संघ

पाल्पा उद्योग वाणिज्य संघद्वारा प्यूठान जिल्लाका अदुवा कृषकहरुको भ्रमण टोलीसंग अदुवा उत्पादनका विषयमा पाल्पामा आयोजित छलफल कार्यक्रम सम्पन्न भयो । जीटीजेड/इन्क्यूल्डको सहयोगमा ऐरावती बहुउद्देशीय सहकारी संस्थाका अध्यक्ष चिन्त बहादुर सोमै मगरको नेतृत्वमा उक्त भ्रमण टोली कार्तिक ७ गते पाल्पा आई पुगेको हो ।

पाल्पा उद्योग वाणिज्य संघका उद्योग उपाध्यक्ष अजय मान कर्माचार्यको अध्यक्षतामा सम्पन्न उक्त स्वागत तथा छलफल कार्यक्रममा पाल्पा जिल्लामा अदुवा उत्पादन, व्यवसाय तथा बजारको वर्तमान स्थितिको बारेमा विस्तृत छलफल भएको थियो ।

#### पोखरा उद्योग वाणिज्य संघ

पोखरा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष तथा मानार्थ सदस्य अशोक पालिखेलाई संघको जर्मन साझेदार संस्था एचडब्लुके माइन्ज जर्मनीले स्वर्ण पदकले सम्मान गरेको छ । माइन्जले हालै जर्मनमा आयोजित विशेष कार्यक्रममा उहालाई स्वर्ण पदकले सम्मान गरेको हो । कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष मानकाजी माकाजु पनि सरिक हुनुहुन्थ्यो ।पालिखेले नेपाल र जर्मनको वाणिज्य संघ बीचको साझेदारीमा निर्वाह गर्नुभएको नेतृत्वदायी भूमिकाको कदर गर्दै स्वर्ण पदक प्रदान गरिएको एचडब्लुके माइन्जले जनाएको छ ।

साझेदारीको निरन्तरताका १६ वर्षमा उहाँले सबैको हित हुने गरी प्रदान गर्नुभएको सुझावको पनि स्मरण गरिएको छ । माइन्जका अध्यक्ष कार्ल जोसेफ विर्गिज तथा महासचिव गुण्टर ट्रेटरद्धारा हस्ताक्षरित प्रमाणपत्रमा पोखरा सहित बाग्लुङ, लमजुङ, तनहु, नेपालगंज, गोर्खा, म्याग्दी उद्योग बाणिज्य संघ तथा एचडब्लुके माइन्जको तर्फबाट पालिखेलाई धन्यवाद ज्ञापन गरिएको छ ।

सन् १९९४ मा उहाँ संघको अध्यक्ष हुँदा एचडब्लुके माइन्ज र पोखरा उद्योग वाणिज्य संघबीच साझेदारी कार्यक्रम सुरु भएको हो ।

#### बुटवल उद्योग वाणिज्य संघ

बुटवल उद्योग वाणिज्य संघको हालै सम्पन्न कार्यसमितिको बैठकले बुटवलमा फैलिएको डेंगु रोग नियन्त्रणका लागि चेतानामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ ।

संघले सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको हो ।

संघका अध्यक्ष शंकर श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले रुपन्देही जिल्ला फुटबल संघद्वारा बुटवलमा सञ्चालित तिलोत्तमा गोल्डकपका लागि १ लाख रुपैयाँको अक्षयकोष स्थापना गर्ने निर्णय पनि गरेको छ ।

बैठकले संघ अन्तर्गतको पेट्रोलियम समितिका सभापति हिमाल गैरेका पिता तथा का.स.स. टंक प्रसाद गैरेका दाजु डोलराज गैरेको निधनप्रति समवेदना प्रकट समेत गरेको थियो ।

## लेखनाथ उद्योग वाणिज्य संघ

एक गाउँ एक उत्पादन एग्रो टूरिजम जिल्ला कार्यान्वयन समिति कास्कीको आयोजनामा संचालित लेखनाथको तालचोक देखी वेगनासताल, पचभैया, सून्दरीडाडा छिचोल्दै हंशपुर सम्म कृषि तर्फ दुग्ध उत्पादन, माछापालन, कफीखेती, मौरीपालन र सुन्तला टूरिजम तर्फ पर्यटन विकासका कार्यक्रमहरु चुस्त र दुरुस्त तथा सहज र सरलताका साथ सम्पन्न गर्नका लागि भैसीपालन प्रवर्द्धन उपसमितिका संयोजक खेमनाथ भट्टराईको अध्यक्षतामा हालै बसेको भेलाले दुग्ध उत्पादन तर्फ दूई छुट्टा छुट्टै समूह गठन गरियो ।

यसरी गठन भएका दुग्ध उत्पादक समूहमा नौविसे दूग्ध उत्पादक समूह र चक्रदेवी दूग्ध उत्पादक समूह रहेका छन् ।

# सिद्धार्थनगर उद्योग वाणिज्य संघ

सिद्धार्थनगर उद्योग वाणिज्य संघको पहलमा रुपन्देहीमा हाल देखिएका उद्योगी व्यवसायीका समस्याहरुलाई जानकारी गराउने उद्धेश्यले ने.क.पा. एमालेका महासचिव ईश्वर पोखरेल र सभासद नेत्र पन्थीसंग हालै सिद्धार्थनगरमा छलफल सम्पन्न भयो । सो कार्यक्रम संघका अध्यक्ष महेन्द्र कुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो ।

सुनौली लुम्बिनी, भैरहवा बुटवलको बाटो संगुरो भएकाले ४ लाइनको बनाउनु पर्ने, लुम्बिनीको १५ कि.मी.एयर डिस्टेन्स भित्र उद्योग स्थापना गर्न पाइदैन भन्ने औद्यौगीक प्रवर्धन वोर्ड नियम गलत भएकोले त्यसको शंसोधन हुनुपर्ने, रोडा ढुंगा, गिट्टी, बालुको निकासीमा प्रतिवन्ध लगाउदा रुपन्देहीमा ठूलो लगानी डुबेको र उद्योग धन्दा बन्द हुंदा उद्योगी, ट्रिपर व्यवसायी र मजदुर सबै मर्कामा परेकाले समयमै निकासी खोल्नु पर्ने लगायत औद्योगीक सुरक्षा सन्बन्धमा छलफल भएको थियो ।

अतिथि नेकपाएमालेका महासचिव ईश्वर पोखरेलले आफुले रोड ढुंगा निकाशी लगायत उठेका सान्दर्भिक बुदाहरुलाई प्रधानमन्त्री लगायत समिति तथा सम्बन्धित निकायमा पुऱ्याई हल गर्नु पहल गर्ने विश्वास दिलाउनु भयो ।

**वस्तुगत संघ**

# नेपाल जडीवूटी उत्पादक संघ

नेपाल जडिवूटी उत्पादक संघको सातौ साधारण सभाबाट गोविन्द घिमिरेको अध्यक्षतामा नयाा पदाधिकारी एवं कार्यकारिणी समितिका सदस्यहरु निर्वाचित हुनु भएको छ। संघको निवर्तमान अध्यक्षमा पर्वत गुरुङ हुनुहुन्छ ।

नवनिर्वाचित पदाधिकारीहरुमा उपाध्यक्षमा रामहरी सुवेदी, महासचिवमा प्रेमराज तिवारी, कोषाध्यक्षमा सरस्वती राई र कार्यकारिणी समिति सदस्यहरुमा ध्रुवराज भट्टराई, विश्वनाथ शर्मा, लायकु लामा, प्रमोद पौडेल, भरतकुमार वस्न्यात,देवेन्द्रकुमार ढकाल,अर्जुन प्रसाद पाण्डे, परिक्षित खेम्का रहनु भएको छ ।

**द्विराष्ट्रिय उवासंघ**

# नेपाल फ्रान्स उद्योग वाणिज्य संघ

नेपाल फ्रान्स उद्योग वाणिज्य संघको १५ सदस्यीय प्रतिनिधिमण्डलले फ्रान्समा आयोजित अन्तराष्ट्रिय व्यापार मेलामा भाग लिएको छ ।

उक्त व्यापार मेलामा विश्वबाट करिव ६ लाख मानिसहरुको सहभागिता रहने संघले जनाएको छ । नेपालले फ्रान्ससंग ठूलो व्यापार घाटा सहनु परेको छ ।

फ्रान्सबाट नेपालमा मेसिनरी पार्टपूर्जाहरु आयात हुने गरेको छ भने नेपालबाट परम्परागत हस्तकलाका सामग्रीहरु निर्यात हुने गरेको छ ।

व्यापार मेलामा नेपालको सहभागिताबाट निर्यातका सम्भावित वस्तुहरुको पहिचानका साथै व्यापारिक सम्बन्ध बढ्ने विश्वास संघले गरेको छ।

उक्त व्यापार मेलामा जुजु हस्तकलाका सुजन वज्राचार्य, नेक्टर आर्टसका अनिललाल श्रेष्ठ, मण्डला हेण्डीक्राफ्टका दिपेन्द्र जोशी, साउथ एशियन हेयण्डीक्राफ्टका महेश्वर घिमिरे, कालिका एक्सपोर्टका नारायण श्रेष्ठ, सांग्रिला ट्रेड कन्सर्नका निरज मुनी वज्राचार्य, दुधराज ग्लोवल विजनेश नेटवर्कका सिजन अमात्य,शाख कम्पनी प्रा.लिका किरण प्रकाश शाखः, नभिन हाते कागज उद्योगका विष्णुधर्ती मगर, ट्रेडिशनल आर्ट एण्ड हेण्डीक्राफटका नारायणकाजी श्रेष्ठ, विलक्षण हेण्डीक्राफ् इण्डष्ट्रिका विमला थापा गिरी, गुड्स हेण्डीक्राफ्टका सजिन्द्रवहादुर चित्रकार , नेपाली हेण्डीक्राफ्ट सेन्टरका सुवाष वज्राचार्य, मेलिनियम इन्टरनीट इण्डष्ट्रिका रेखा मैया श्रेष्ठ, एण्जल थांका आर्टका मनकुमार घिसिङ र संयोजक कैलाश वहादुर श्रेष्ठ हुनुहुन्छ ।

**रोजगारदाता गतिविधि**

## रोजगारदाता वेभसाइट

नेपाल उद्योग वाणिज्य महासंघको रोजगारदाता परिषद्को वेभसाइटको हालै एक समारोह बीच शुभारम्भ गरिएको छ ।

उक्त वेभसाइटमा महासंघको रोजगारदाता परिषद्का विभिन्न क्रियाकलापहरु, गर्न लागेका कार्यहरु एवं उद्योगी व्यवसायीलाई श्रम सम्बन्धमा आवश्यक पर्ने महत्वपूर्ण सूचनाहरु समावेश गरिएको छ । वेभसाइटको शुभारम्भ गर्नु हुँदै महासंघका उपाध्यक्ष एवं रोजगारदाता परिषद्का सभापति प्रदीपजंग पाण्डेले महासंघले औद्योगिक सम्बन्ध सुमधुर पार्न र श्रम सम्बन्धमा रोजगारदाताहरुको एक हित संरक्षण गर्न रोजगारदाता परिषद्ले खेल्ने गरेको भूमिका माथि प्रकाश पार्नु भयो।

उहांले वेभसाइटको माध्यमबाट रोजगार दातालाई दिईने सेवा अझ प्रभावकारी बनाउन मद्दत पुग्ने आशा गर्नु भयो । उक्त अवसरमा वेभसाइटको संक्षिप्त विवरण महासंघमा कार्यरत जर्मन कन्सल्ट्यान्ट रोमन आविकले प्रस्तुत गर्नु भएको थियो।

सोही अवसरमा महासंघमा श्रम अदालतका माननीय न्यायाधिश अग्नी प्रसाद खरेलले श्रम अदालत र उद्यमी व्यवसायी बीचको असल सम्बन्ध विकास गर्दै लैजानु पर्ने औल्याउनु भएको थियो।

उक्त समारोहमा महासंघका कार्यकारिणी समितिका सदस्यहरु, प्रदीपमान बैद्य, दिनेश श्रेष्ठ, मनिष अग्रवाल र महानिर्देशक डा. हेमन्त दवाडीको पनि उपस्थिति थियो।

म.क्षे. हु. नि. द.नं. ६/०६७/६८, जि.प्र.का. काठ. द. नं. ११/०४९/५०






**सम्पादक :** विदुरचन्द्र लामिछाने

**प्रकाशक :** नेपाल उद्योग वाणिज्य महासंघ

पचली शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, टेकु, पो.ब.नं. २६९, काठमाडौं

फोन : ४२६२२१८, ४२६२०६१, फ्याक्स : ४२६१०२२, ४२६२००७

**मुद्रक :** विश्व छापाखाना, लगन टोल, काठमाडौं, फोन : ४२५३६७६

प्रापक